सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०७७/०७८
च. नं.:

मितिः २०७७/१०/१९

## नि:शुल्क तालिमका लागि दरखास्त आह्वान सम्बन्धी सूचना ।

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम र मुख्यमन्त्री ग्रामिण विकासको स्वीकृत कार्यक्रम अनुसार यस सत्यवती गाउँपालिका अन्तर्गत स्थायी बसोबास गर्ने इच्छुक १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेका नेपाली नागरिकहरुले तोकिएको ढाँचा अनुरुप आफूले तालिम लिन चाहेको विषय उल्लेख गरी देहायका कागजात संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै दरखास्त फाराम यस कार्यालय तथा वेभ साइट www.satyawatimun.gov.np बाट प्राप्त गर्न सकिने छ।

**तपसिलः**

**तालिमको प्रकार**

| | | | |
|---|---|---|---|
| १. हाउसवायरिङ्ग | २. प्लम्बिङ्ग | ३. कम्प्युटर तालिम | ४. सिलाई कटाई |
| ५. मोबाईल मर्मत | ६. कृषी औजार निर्माण | ७. हाते ट्र्याक्टर मर्मत | ८. ब्यूटी पार्लर |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. नेपाली नागरिकताको प्रमाणपत्र
२. शैक्षिक योग्यताको प्रमाणपत्र (कम्तिमा आधारभूत तह कक्षा ८ उत्तीर्ण)
३. व्यवसायिक योजना संक्षिप्तमा
४. सम्बन्धित वडाको सिफारिस
५. विचैमा तालिम नछाड्ने प्रतिबद्धता पत्र

झविश्वर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

**द्रस्टव्यः**

१. प्रशिक्षार्थीले तालिममा सहभागी भए वापत कुनै प्रकारको भत्ता एवम् सुविधा पाउने छैन ।
२. गरिव, आर्थिक रुपले विपन्न, दलित, जनजाति, आदिवासी, महिला, कोभिडका कारण रोजगार गुमाएका, एकल महिला, सिमान्तकृत पिछडिएका अल्पसंख्यक व्यक्ति, अपाङ्ग, शहिद परिवार, द्वन्द्व पीडित व्यक्तिहरु, बेरोजगार व्यक्तिहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
३. कार्यक्रमको लक्ष्य, आवेदकको रुचि संख्या, आवेदकले पेश गरेको व्यवसायिक योजना, तालिम सञ्चालन मापदण्डको आधारमा प्रशिक्षार्थीहरु तथा तालिमको संख्या छनौट गरिनेछ ।
४. दुई भन्दा बढि तालिमको लागि आवेदन दिन पाइनेछैन । एकजनाले सकभर आफ्नो व्यवसायिक रुचि अनुसार एक तालिमको छनौट गर्ने निवेदकलाई प्रोत्साहन गरिनेछ ।
५. म्यादभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही हुनेछैन ।
६. तालिम संचालन हुने समयावधि एवम् स्थानको जानकारी छनौट भएका आवेदकलाई पछि जानकारी गराइनेछ ।

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी

## तालिमका लागि दरखास्त फाराम-२०७७

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सत्यवती गाउँपालिका, गुल्मी ।

फोटो

सत्यवती गाउँपालिको मिति २०७७/१०/१९ को प्रकाशित सूचना अनुसार सीपमा आधारित तालिममा सहभागि हुन इच्छुक रहेको हुँदा तालिममा सहभागि गराइदिनुहुन अनुरोध गर्दछु।

१. नाम थरः .....................................
२. स्थायी ठेगानाः ..................................
३. जन्म मितिः .................................
४. वैवाहिक अवस्थाः ...............................
५. बाबुको नाम थरः ...........................
६. आमाको नाम थरः ...............................
७. शैक्षिक योग्यताः ............................
८. बावु/आमाको पेशाः ............................
९. परिवारको औसत वार्षिक आम्दानीः ...................
१०. रोजगारको अवस्थाः ............................
११. पेशाः .......................................
१२. सम्पर्क नं. : ....................................

### तालिम लिन चाहेको विषय

| क्र. सं. | तालिमको विषय | ईच्छाइएको तालिममा (रेजा लगाउनुहोस) | कैफियत |
|---|---|---|---|
| १ | हाउस वायरिङ्ग | | |
| २ | प्लम्बिङ्ग | | |
| ३ | कम्प्यूटर तालिम | | |
| ४ | सिलाई कटाई | | |
| ५ | मोबाईल मर्मत | | |
| ६ | कृषी औजार निर्माण | | |
| ७ | हाते ट्र्याक्टर मर्मत | | |
| ८ | व्यूटी पार्लर | | |

कार्यालयको छापः

मितिः

निवेदकको दस्तखतः ..................

माथि उल्लिखित विवरण निवेदकले पेश गरेका कागजातहरुका आधारमा सही रहेको हुँदा फाराम स्वीकृतीको लागि पेश गर्दछु ।

रुजु गर्ने
अधिकृतस्तर छैंठौ

प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत